# कुश्मा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गण्डकी प्रदेश, नेपाल

## सिलवन्दी दरभाउ-पत्र आह्वानको सूचना

दोश्रो पटक प्रकाशन मिति :- २०८१/०५/०६

यस नगरपालिकाको तपसिल वमोजिमको कार्य सिलबन्दी दरभाउ-पत्रको माध्यमबाट गराउनु पर्ने भएकोले ईच्छुक इजाजतप्राप्त व्यक्ति, फर्म वा कम्पनीबाट तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रहि यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र रितपुर्वकको सिलबन्दी दरभाउपत्र खरिद गरि कार्यालयले तोकेको न्युनतम अंकको रकममा नघटी सिलबन्दी दरभाउ पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| क्र.सं. | आय ठेक्का नं. | विषय/शिर्षक | न्युनतम कबोल अंक (भ्याट वाहेक) | ठेक्का लाग्ने अबधी | सिलबन्दी दरभाउपत्र दस्तुर | सिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|
| १. | ०२/आय/(०८१-८२) | विज्ञापन कर | रु. ४,००,००० | २०८२ असार मसान्त सम्म | रु. १,००० | २०८१/०५/२१ दिउँसो १२:०० सम्म |
| | | | रु. ५,००,००० | २०८३ असार मसान्त सम्म | | |
| २. | ०३/आय/(०८१-८२) | र्याफ्टिङ शुल्क | रु.१,५०,००० | २०८२ असार मसान्त सम्म | रु. १,००० | २०८१/०५/२१ दिउँसो १२:०० सम्म |

शर्तहरुः

१. सिलवन्दी दरभाउ पत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन सम्म कार्यालयको समय भित्र नगद रु.१००० (एकहजार)फिर्ता नहुने गरी) तिरी यस कार्यालयबाट प्राप्त गर्न सकिने वा नगरपालिकाको आन्तरिक खाता नं ०६६०३०००००१००१०००००१ मा जम्मा गरी भौचरको सक्कल प्रति दाखिला गरि दरभाउ पत्र फाराम लिन सकिनेछ ।

२. सूचना प्रकाशन भएको मितिले सोह्रौं दिनको दिउसो १२:०० बजे सम्म दरभाउपत्र दाखिला गर्न सकिनेछ । सोहि दिनको दिउसो २:०० बजे कार्यालय प्रतिनिधि र दरभाउपत्रदाताको रोहवरमा कार्यालयमा नै दरभाउपत्र खोलिनेछ । उक्त दिन बिदा परेमा त्यसको भोलिपल्ट दरभाउपत्र खोलिने छ । दरभाउपत्र दाता उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३. सिलबन्दी दरभाउपत्र जमानत वापत आफूले कबोल गरेको अंकको मु.अ.कर सहित ५.० प्रतिशतले हुन आउने रकम यस कार्यालयको नाममा नेपाल बैङ्क लिमिटेड कुश्मा शाखामा रहेको धरौटी खाता नं ०६६०३०००००३०००००००१ मा जम्मा गरी सोको सक्कलै भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको दरभाउपत्र जमानत दाखिला गर्ने अन्तिम मितिले १२० दिनको अवधी भएको समावेश गर्नु पर्नेछ।

४. कार्यालयको छाप र कार्यालय प्रमुखबाट प्रमाणित नभएको दरभाउपत्र फारामलाई मान्यता दिईने छैन । दरभाउपत्र साथ फर्म वा कम्पनी दर्ता प्रमाण पत्र, नविकरण, आय कर दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपीहरु पेश गर्नु पर्नेछ।

५. प्रत्येक दरभाउपत्रको छुट्टा छुट्टै खाममा आफूले कबोल गर्न चाहेको विषय वा शिर्षकको सूचनामा उल्लेखित दरभाउ पत्र नं. सहित कामको विषय वा शिर्षक लेखि दरभाउपत्र सिलबन्दी गरी पेश गर्नु पर्नेछ ।

६. दरभाउ पत्रमा न्यूनतम अङ्क भन्दा माथी सबै भन्दा बढी कबोल गर्ने दरभाउपत्र स्विकृत गरिनेछ ।

७. अन्य जानकारीको लागि कार्यालय समयभित्र फोन. ०६७-४२०१४१ मा सम्पर्क गर्न तथा कार्यालयको वेबसाइट www.kushmamun.gov.np मा हेर्न सकिन्छ ।

घनश्याम गौतम
प्रमुख प्रशासकीय अधिकृत

# कुश्मा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कुश्मा, पर्वत

गण्डकी प्रदेश, नेपाल

८. दरभाउपत्र फाराममा दररेट स्पष्ट बुझिने गरी अङ्क र अक्षरमा लेख्नुपर्नेछ । अङ्क र अक्षरको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिईनेछ ।

९. दरभाउ पत्रदाताले आफूले पेश गरेको कबोल अङ्क मूल्य अभिवृद्धि कर सहित वा रहित भन्ने स्पष्ट उल्लेख गर्नुपर्नेछ । यदि उल्लेख नगरेमा मूल्य अभिवृद्धि कर बाहेकको मानिनेछ ।

१०. रीत नपुगेको वा म्याद नाघी आएको वा शर्त सहितको दरभाउपत्र उपर कुनै कारवाही गरिनेछैन ।

११. दरभाउ पत्र स्विकारे बापत नियमानुसार आफूले बुझाउन पर्ने सम्पूर्ण रकम दरभाउ पत्र दाता स्वयंले बुझाउन पर्नेछ सम्झौताको लागि स्वीकृत दरभाउपत्र आफूले कबोल गरेको कुल रकम दुई किस्ता गरी बुझाउन सक्नेछ । यसरी बुझाउने किस्ता मध्ये प्रथम किस्ता बापत ५० प्रतिशत रकम सम्झौता गर्ने समयमा बुझाउन पर्ने छ । बाँकी रकमको हकमा नेपाल सरकारको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८२ भाद्र मसान्त सम्मको लागि जारी भएको अग्रिम भुक्तानी, बैंक ग्यारेन्टी वा नगद जमानत पेश गर्नु पर्ने छ ।

१२. आफूले कबोल गरेको ठेक्का अंकको रकम एकमुष्ठ अग्रिम बुझाउने दरभाउपत्र दातालाई कबोल अंकको ५ प्रतिशत सम्म छुट दिई सम्झौता गर्न सकिने छ । तर धरौटीको रकमलाई सो रकममा समावेस गरीने छैन ।

१३. ठेकेदारले सम्झौता पत्रमा तोकिएको बस्तुहरुमा मात्र तोकए बमोजिमको दर रेटमा कर दस्तुर असुल गर्नु पर्नेछ । प्रचलित ऐन नियम कानुन सम्झौता र सूचनाको शर्तहरु विपरीत कार्य गरेमा जुनसुकै समयमा पनि कार्यालयले सम्झौता तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हुने हानी नोक्सानी ठेकेदारबाट सरकारी बाँकी सरह असुल उपर गरीनेछ ।

१४. प्रचलित नियम विपरीत कर असुल गर्न वा एउटा स्थानिय तहले लिएको करको प्रमाण हुँदाहुँदै दोहोरो हुने गरी कर असुल गर्न पाईने छैन ।

१५. कुश्मा नगरपालिकालाई तिर्नु पर्ने रकम तथा जिन्सी सामानहरु बक्यौता देखिएमा त्यस्ता फर्मका नाममा समेत दरभाउपत्र स्वीकृत गरीने छैन ।

१६. दरभाउपत्र स्वीकृत गर्ने, आंसिक स्वीकृत गर्ने र स्वीकृत नगर्ने सम्पूर्ण अधिकार कुश्मा नगरपालिकामा सुरक्षित रहने छ ।

१७. नगरपालिकाले तोकेको कर संकलन केन्द्रमा कर दस्तुर उठाउने बस्तुको स्पष्ट सूची राख्नु पर्नेछ ।

१८. ठेक्का अवधि समाप्त भए पछि कर चुक्ता गरेको प्रमाण पत्र पेश गरेपछि मात्र धरौटी रकम फिर्ता दिईनेछ ।

१९. कुनै पनि कारण देखाई कार्यालयमा मिनाह माग गर्न पाईने छैन ।

२०. नेपाल सरकार, प्रदेश सरकार र यस कार्यालयबाट समय समयमा दिईएको नीति निर्देशनहरु पालना गर्नु सम्बन्धित ठेकदारको कर्तव्य हुनेछ ।

२१. नेपाल सरकारको कुनै पनि निकायले संचालन गरेको सवारी साधनमा उल्लेखित कर लगाउन पाईने छैन।

२२. ठेक्का सम्बन्धी कुनै विवाद भएमा आपसी सहमतिबाट टुङ्गो लगाईने छ । यदि सहमति हुन नसके नगरपालिकाको निर्णय अन्तिम हुने छ ।

२३. ठेकदारले दरभाउपत्र स्वीकृत भएको ७ दिन भित्र सम्झौता गर्नको लागि कार्यालयमा सम्पर्क गरी सक्नु पर्नेछ। सम्झौता गर्ने वखतमा सम्वन्धित फर्म वा कम्पनीले आफूले कबोल गरेको अंकको ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको माथी उल्लेखि धरौटी खातामा नगदै वा सो रकम बरावरको यस कार्यालयको नाममा जारी गरिएको कार्य सम्पादन जमानत पेश गर्नु पर्नेछ । तोकिएको अवधि भित्र सम्झौता गर्न नआएमा धरौटी जफत गरी नियमानुसार ठेक्का व्यवस्थापन प्रकिया अगाडी बढाईनेछ ।

२४. दरभाउपत्र सम्वन्धी थप जानकारी आवश्यक भएमा कार्यालयमा सम्पर्क गर्न सकिने छ। करको दर रेट दरभाउपत्र फाराममा उल्लेख हुने छ ।

२५. यस सूचनामा उल्लेख नभएको थप कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२०८२/०४/०६

प्रमुख प्रशासकीय अधिकृत

घनश्याम गौतम
प्रमुख प्रशासकीय अधिकृत